# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, चैत २६ गते २०५२ साल (संख्या ५१

## भाग ३

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना १

श्री ५ को सरकारले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा १ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी उक्त ऐन मिति २०५३ साल वैशाख १ गतेदेखि प्रारम्भ हुने गरी तोकेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

### कार्य संचालन कोष नियमावली, २०५२

कार्य संचालन कोष ऐन, २०४३ को दफा १० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "कार्य संचालन कोष नियमावली, २०५२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमाः–

(क) "ऐन" भन्नाले कार्य संचालन कोष ऐन, २०४३ सम्झनुपर्छ ।

(ख) "सम्बन्धित निकाय" भन्नाले श्री ५ को सरकार मन्त्रिपरिषद्‌को निर्णयद्वारा कार्य संचालन कोष स्थापना गर्नको निमित्त स्वीकृति प्राप्त गरेको कुनै मन्त्रालय अन्तर्गत रहेको निकाय सम्झनुपर्छ ।

३. कोषको खाताको संचालनः ऐनको दफा ५ को उपदफा (१) बमोजिम खोलिएको कोषको खाताको संचालन सम्बन्धित मन्त्रालयले तोकेको सम्बन्धित निकायको अधिकृतको दस्तखतबाट हुनेछ ।

४. कोषको रकम खर्च गर्ने प्रक्रियाः कोषमा जम्मा रहेको रकमबाट सम्बन्धित निकायको विशेष कार्य संचालन गर्नको निमित्त वा ऐनको दफा ५ को उपदफा (२) मा उल्लेख भएबमोजिम कच्चा पदार्थ तथा स्पेयर पार्टस् खरीद एवं मर्मत गर्ने प्रयोजनको निमित्त खर्च गर्दा सम्बन्धित निकायले आर्थिक प्रशासन सम्बन्धी नियमहरू, २०४२ द्वारा निर्धारित प्रक्रियाहरू पूरा गर्नु पर्नेछ ।

५. कोषको हिसाब पेश गर्नु पर्नेः ऐनको दफा ६ बमोजिम मन्त्रालयले तोकिदिएको अधिकारीले कोषको वार्षिक हिसाब महालेखा नियन्त्रकसमक्ष पेश गर्दा अनुसूची बमोजिमको ढाँचामा कोषको आय-व्ययको विवरणसमेत पेश गर्नुपर्नेछ ।

६. कोषको लेखा र लेखापरीक्षणः (१) सम्बन्धित निकायले कोषको लेखा श्री ५ को सरकारले अपनाएको तरिकाबमोजिम राख्नुपर्नेछ ।

(२) सम्बन्धित निकायले कोषको लेखापरीक्षण महालेखा परीक्षकको बिभागबाट गराउनु पर्नेछ । तर कोषको आन्तरिक लेखा परीक्षण सम्बन्धित कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

262

# भाग ४

## श्री ५ को सरकार
## मन्त्रिपरिषद् सचिवालयको सूचना

श्री ५ को सरकारले मिति २०५२।१२।१ को निर्णयानुसार देहायका अधिकृत-हरूलाई नेपाल प्रशासन सेवाको विशिष्ट श्रेणीको पदमा बढुवा गरी देहायबमोजिम पदस्थापन गरेको छ ।

| क्र.सं. | नाम, थर | पद | पदस्थापन गरेको सचिवालय, मन्त्रालय, आयोग । |
|---|---|---|---|
| १. | श्री हिरण्यलाल रेग्मी | सचिव | निर्वाचन आयोग |
| २. | श्री विश्वराज रेग्मी | सचिव | स्थानीय विकास मन्त्रालय |
| ३. | श्री मोहनदेव पन्त | सचिव | वाणिज्य मन्त्रालय |
| ४. | श्री दानबहादुर शाही | सचिव | कृषि मन्त्रालय |
| ५. | श्री पुरुषोत्तम भट्टराई | मुख्य अधिकृत | विशेष प्रहरी विभाग |
| ६. | श्री चक्रबन्धु अर्याल | सचिव | रक्षा मन्त्रालय |
| ७. | श्री डमरुबल्लभ भट्टराई | सचिव | आवास तथा भौतिक योजना मन्त्रालय |
| ८. | श्री रेवतीरमण पोखरेल | सचिव | सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा पदाधिकार रहने गरी प्रशासन सुधार अनुगमन समिति । |
| ९. | श्री पदमप्रसाद पोखरेल | सचिव | गृह मन्त्रालय |
| १०. | श्री सुशीलकान्त झा | सचिव | लोक सेवा आयोग |
| ११. | श्री विश्वनाथ सापकोटा | सचिव | सामान्य प्रशासन मन्त्रालय |
| १२. | श्री खगेन्द्र बस्नेत | सचिव | संसदीय व्यवस्था मन्त्रालय |
| १३. | श्री घनानाथ ओझा | सचिव | स्वास्थ्य मन्त्रालय |
| १४. | श्री खेमराज रेग्मी | सचिव | शिक्षा मन्त्रालय |
| १५. | श्री कर्णबहादुर चन्द | सचिव | मन्त्रिपरिषद् सचिवालय |
| १६. | डा. प्रभा बस्नेत | सचिव | महिला तथा समाज कल्याण मन्त्रालय |
| १७. | श्री विष्णुप्रसाद खत्री | सचिव | भूमि सुधार तथा व्यवस्था मन्त्रालय |
| १८. | श्री रामविनोद भट्टराई | सचिव | अर्थ मन्त्रालय |

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६४